# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ४२७ *मिति :-* २०६३/१२/११

**इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू।**

विषय :- **बैंक/वित्तीय संस्थाहरुको एजेन्सी कारोवार सम्बन्धी व्यवस्था बारे।**

महाशय,

विदेशी मुद्राको कारोवार गर्न इजाजतप्राप्त निकायहरूले आफ्नो एजेन्सी कारोवार गर्दा निम्नानुसार गर्नुपर्ने व्यवस्था रहेकोले सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ।

१. विदेशस्थित एजेन्सीहरूमा आफ्नो खाता खोल्दा अनिवार्य रुपले यस बैंकको अनुमति लिनुपर्नेछ। यस्तो अनुमति प्रदान गर्दा सो एजेन्सी कारोवार सम्बन्धी आवश्यक शर्तनामाहरू यस बैंकले तोके वमोजिम हुनेछ।

२. आफ्नो एजेन्सी मौज्दात अन्तर्गत रहेका विभिन्न मुद्राहरूबीच माग र आपूर्तिको हिसाववाट आवश्यकता अनुसार मुद्रागत हेरफेर गर्न सकिनेछ। तर परिवर्त्य विदेशी मुद्रा विक्री गरी भारतीय रुपैयाँ खरिद गर्न भने पाइने छैन।

३. भारतीय रुपैयाँको एजेन्सी खातामा आवश्यकभन्दा बढी मौज्दात राख्न पाइने छैन्। साथै त्यस्तो भा.रु. मौज्दातलाई चल्ती खाता बाहेक अन्य प्रकारका खाताहरूमा राख्न पाइने छैन।

४. विदेशी मुद्रा कारोवार ग्राहक र बैंक/वित्तीय संस्थाबीच मात्र नभई अन्तरबैंक/वित्तीय संस्थाबीच पनि गर्न सकिनेछ।

५. आफ्नो एजेन्सी खातामा रहेको मौज्दात खर्च गर्दा प्रचलित व्यवस्था अनुसार मात्र गर्नुपर्नेछ।

६. आफ्नो एजेन्सी कारोवार अन्तर्गत लाग्ने कमिशन, पोष्टेज, तार, टेलेक्स खर्चहरू, कलेक्शन चार्जेज एजेन्सी कारोवार वापत अन्य भैपरी खर्चको भुक्तानी गर्दा यस बैंकको स्वीकृति लिनुपर्ने छैन।

७. एजेन्सी कारोवारको क्रममा हुने सामान्य अवस्थाको Overdrawn वाहेक इजाजतपत्रप्राप्त निकायहरूले विदेशस्थित एजेन्सीहरूबाट कुनै किसिमको Overdraft, ऋण तथा यस्तै प्रकारका ऋण सुविधाहरू लिन मिल्ने छैन।

८. विदेशस्थित आफ्ना एजेन्सी खाताहरूमा जम्मा भइसकेको तर Beneficiary लाई भुक्तानी भई नसकेको विदेशी मुद्राका रकमहरू Refund पठाउनुपर्ने भएमा सम्बन्धित बैंकबाट Refund को लागि अनुरोध भइआएमा तहाँबाटै Refund गर्न सकिने। यसरी पठाइएका Refund को फेहरिस्त मासिक रुपमा यस बैंकलाई उपलब्ध गराउनु पर्ने।

भवदीय,



(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक